# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड५ )जनकपुरधाम,नेपाल,बैशाख २ गते,२०७८ साल(अतिरिक्ताङ्क १

भाग २

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## प्रदेश सञ्चार (पहिलो संशोधन) नियमावली , २०७७

प्रदेश सञ्चार नियमावली, २०७७ को नियम ३६ र ३७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. २ प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "प्रदेश सञ्चार (पहिलो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल नियमावलीको नियम ९ को उपनियम (३) मा संशोधनः** प्रदेश सञ्चार नियमावली २०७७(यस पछि मुल नियमावली भनिएको छ) को नियम ९ को उपनियम (३) मा "**प्रदेश सरकारले**" को सट्टा "मन्त्रालयले" राखिएको छ ।

३. **मूल नियमावलीको नियम २१ को उपनियम (३) मा संशोधनः** प्रदेश सञ्चार नियमावली २०७७(यस पछि मुल नियमावली भनिएको छ) को नियम २१ को उपनियम (३) मा "प्रदेश सरकारले" को सट्टा "मन्त्रालयले" राखिएको छ।

४. **मूल नियमावलीको नियम ३२ को उपनियम (३) मा संशोधनः** प्रदेश सञ्चार नियमावली २०७७(यस पछि मुल नियमावली भनिएको छ) को नियम ३२ को उपनियम (३) मा "प्रदेश सरकारले" को सट्टा "मन्त्रालयले" राखिएको छ।

५. **मूल नियमावलीको नियम ३३ को उपनियम (२) मा संशोधनः** प्रदेश सञ्चार नियमावली २०७७(यस पछि मुल नियमावली भनिएको छ) को नियम ३३ को उपनियम (२) मा "आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट व्यवस्था भई कार्यालय स्थापना तथा संचालन भएको" को सट्टा "नियुक्ति भएको" राखिएको छ ।

६. **मूल नियमावली रहेको प्रदेश आम सञ्चार प्राधिकरण वा प्रदेश आमसञ्चार माध्यम प्राधिकरण को सट्टा आम सञ्चार प्राधिकरण राख्नेः** प्रदेश सञ्चार नियमावली २०७७(यस

पछि मुल नियमावली भनिएको छ) मा विभिन्न ठाउँमा रहेको "प्रदेश आम सञ्चार प्राधिकरण वा प्रदेश आमसञ्चार माध्यम प्राधिकरण" को सट्टा "आमसञ्चार प्राधिकरण" राखिएको छ ।

७. <u>मूल नियमावलीको अनुसूची -१२ मा हेरफेर:</u> प्रदेश सञ्चार नियमावली २०७७(यस पछि मुल नियमावली भनिएको छ) को अनुसूची -१२ को सट्टा देहायको अनुसुची-१२ राखिएको छः-

## अनुसूची-१२

(नियम ३३ उपनियम(१) सँग सम्बन्धित)

प्रदेश आम सञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका पदाधिकारीहरुको पारिश्रमिक तथा सेवा सुविधा

| क्र.सं. | सुविधाको किसिम | ईकाइ दर | अध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १. | पारिश्रमिक वा सेवा सुविधा | मासिक | ४७,३८०।- | - |
| थप सेवा सुविधा | | | | |
| २. | सवारी | संख्या | १ | - |
| ३. | यातायात खर्च | प्रति महिना रु. | - | १०,०००।- |
| ४. | डिजल | प्रति महिना | १०० लि. | - |
| ५. | मोविल र ब्रेक आयल | त्रैमासिक | ५ लि. | - |
| ६. | सञ्चार खर्च | प्रति महिना रु. | २,५००।- | २,०००।- |
| ७. | बैठक भत्ता | प्रति बैठक रु. | २,०००।- | १,५००।- |
| ८. | अतिथि सत्कार | प्रति महिना रु. | १०,०००।- | ८,०००।- |
| ९. | चाडपर्व खर्च | वार्षिक रु. | क्र.सं. १ मा भए बमोजिम एक महिनाको | १५,०००।- |
| १०. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,०००।- | १,६००।- |
| ११. | हलुका सवारी चालकको वापत रकम | प्रति महिना रु. | २३,८५०।- | - |

**नोटः** (१) प्रदेश आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसंचार प्रवर्द्धन बोर्ड कार्यालयमा चारपाङ्ग्रे सवारी साधन उपलब्ध नभएमा सवारी, इन्धन र चालक वापत मासिक रु. ४०,०००।- अध्यक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) बैठक प्रति महिना बढिमा दुई पटक मात्र बस्न सक्नेछ ।

स्विकृत मितिः-२०७८।०१।०२

आज्ञाले,
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव